# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल

# BHARATPUR METROPOLITAN CITY
## Office of Municipal Executive
Bharatpur, Chitwan, Bagmati Province, Nepal

भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन २०७३

मिति २०७९/०४/०३

श्री वडाकार्यालयहरु(१-२९) सबै
भरतपुर महानगरपालिका,
नगरकार्यपालिकाको कार्यालय
भरतपुर ,चितवन

बिषयः- सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण तथा लाभग्राही सूचीकरण सम्बन्धमा।

प्रस्तुत बिषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीरकण बिभागको प.स. ०७९/८० च.न.९ मिति २०७९/०४/०३ को पत्रानुसार चालु आ.ब.२०७९/८०को लागि सामाजिक सुरक्षा भत्ता नवीकरण तथा नेपाल सरकारको आ.ब.२०७९/८० को बजेट बक्तब्यमा ६८ वर्ष उमेर पुरा भएकालाई जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता दिने उल्लेख भएकोले त्यस्ता लाभग्राहीहरुको निवेदन प्राप्त गरी लाभग्राही सुचीकरण प्रक्रिया अगाडी बढाउनुहुन विभागबाट प्राप्त पत्रको छायाँप्रति यसैपत्रमा संलग्न गरी अनुरोध छ।

०७९/४/३

..................................
(शान्ता कुमारी पौडेल)
प्रमुख
स्वास्थ्य तथा सामाजिक विकास महाशाखा

प्रमुख
स्वास्थ्य तथा सामाजिक विकास महाशाखा

056-520167, 521467, 530062, 526951, 522252, Fax: 056-520014
E-mail: bmc@ntc.net.np / website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाट महानगरपालिका घोषणा मिति फागुन २७, २०७३)

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- ०७९/०८०
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ९

मिति :२०७९/४/१

विषयः सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण तथा लाभग्राही सूचीकरण सम्बन्धमा।

श्री स्थानीय तह सबै।

सामाजिक सुरक्षा नियमावली (प्रथम संशोधन), २०७६ को नियम (९) र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम (४) अनुसार सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरुले प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्तभित्र सम्बन्धित वडा कार्यालयमा आफैं उपस्थित भई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउनु पर्ने व्यवस्था रहेको विदितै छ।

सोही सम्बन्धमा, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम (१६) को उपनियम (१२) बमोजिम आ.व २०७८/७९ देखि नेपाल सरकारले त्रैमासिक बजेट निकासाको व्यवस्था गरेको हुँदा सामाजिक सुरक्षा भत्ता समेत त्रैमासिक रुपमा वितरण गर्नु पर्ने भएकोले चालु आ.व को पहिलो त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले सामाजिक सुरक्षा भत्ताको फवार्ड फिड (लाभग्राही सूची) तयार गरी सम्बन्धित वैंकमा पठाउनु अगावै परिचयपत्र नवीकरण गरिसक्नु पर्ने भएको छ। तसर्थ सवै लाभग्राहीहरुको सकेसम्म चाँडै नवीकरण गरी पहिलो त्रैमासिक निकासावाटै सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सुनिश्चितता गर्न आवश्यक व्यवस्थाको लागि अनुरोध छ।

नेपाल सरकारको आ.ब २०७९/८० को बजेट बक्तब्यमा ६८ वर्ष उमेर पुरा भएकालाई जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता दिने उल्लेख भएको र सोही बमोजिम हुनेगरी सामाजिक सुरक्षा ऐन, २०७५ मा संशोधन समेत भईसकेकोले ऐ. ऐन, २०७५ को दफा (१२) र सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम (५) बमोजिम त्यस्ता लाभग्राहीहरुको निवेदन प्राप्त गरी लाभग्राही सूचीकरण प्रक्रिया अगाडि बढाउनु हुन निर्णयानुसार अनुरोध छ। साथै, नागरिकता प्रमाणपत्रको सक्कलै हेरी परिचपत्र नवीकरण तथा नयाँ लाभग्राही सूचीकरण गर्न र नागरिकता प्रमाणपत्रमा उल्लिखित जन्म मिति लगायतको विवरणमा कुनै अस्पष्टता भएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालय/इलाका प्रशासन कार्यालयबाट अभिलेख झिकाई यथार्थ विवरण यकिन गर्नु गराउनु हुन समेत अनुरोध छ।

२०७९/४/१
(सागर मणि पाठक)
निर्देशक

अवगतार्थः
श्रीमान सचिवज्यू
गृह मन्त्रालय।
श्री प्रमुख जिल्ला अधिकारीज्यू, सबै।

Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np